**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

... गाउँपालिका/नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः०१ मितिः २०७९/०३/१०

**भाग-१**

**साइपाल गाउँपालिका**

**साईपाल गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७९।०३।१०

**प्रस्तावनाः** साईपाल गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम साईपाल गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** **(१)**यस ऐनको नाम " साईपाल गाउँको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७९।८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७९।८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **२३१३९४०००** (अक्षेरुपी तेइस करोड तेह्र लाख चौरानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।८० को निमित्त साईपाल गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मान बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमव्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ९८१९३००० | १३३२०१०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | २३१३९४०० |

नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

आज्ञाले,

नामः राधाकृष्ण जोशी

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

... गाउँपालिका/नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः०२ मितिः २०७९/०३/१०

**भाग-१**

**साइपाल गाउँपालिका**

## स्थानीय तहको आर्थिक ऐन

**साईपाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः साईपाल** गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (2) बमोजिम **साईपाल** गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण 1 गतेदेखि **साईपाल** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (1) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (1) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (1) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (1) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (1) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (1) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (1) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (1) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (1) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 1 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि १

| क सं | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | सिफारिस दस्तुर | १०० | |
| २ | पञ्चिकरण विलम्ब शुल्क ३५ दिन पछि | | |
| | जन्म दर्ता | २०० | |
| | मृत्यू दर्ता | २०० | |
| | विवाह दर्ता | २०० | |
| | बसाईसराई दर्ता | २०० | |
| | सम्बन्ध विच्छेद दर्ता | २०० | |
| ३ | पञ्चिकरण प्रतिलिपी शुल्क | | |
| | जन्म दर्ता | ५०० | |
| | मृत्यू दर्ता | ५०० | |
| | विवाह दर्ता | ५०० | |
| | बसाईसराई दर्ता | ५०० | |
| | सम्बन्ध विच्छेद दर्ता | ५०० | |
| ४ | प्रमाणीत सिफारिस )जन्म मृत्यू विवाह बसाईसराई सम्बन्ध बिच्छेद( | ५०० | |
| ५ | नागरिकता सिफारिस | १०० | |
| ६ | नागरिकता प्रतिलिपी शुल्क | ५०० | |
| ७ | बैवाहीक अंगिकृत नागरिकताको सिफारिस | ५०० | |
| ८ | सर्जमिन मुचुलका | १००० | |
| ९ | नाता प्रमाणीत | ५०० | |

| | | | |
|---|---|---|---|
| १० | नामसारी अंशवण्डा सम्बन्धी मालपोतमा गरिने सिफारिस | १००० | |
| ११ | चार किल्ला प्रमाणीत सिफारिस शुल्क | १००० | |
| १२ | जग्गाको मुल्याङ्कन सिफारिस | १००० | |
| १३ | आय प्रमाणीत सिफारिस | १००० | |
| १४ | घर पाताल प्रमाणीत सिफारिस | १००० | |
| १५ | एउटै ब्यक्ती हो भन्ने सिफारिस | ५०० | |
| १६ | नाम थर जन्म मिति संशोधन सिफारिस | २०० | |
| १७ | कित्ता काट सिफारिस | १००० | |
| १८ | संरक्षक सिफारिस | १०० | |
| १९ | जिवित रहेको प्रमाणीत | ५०० | |
| २० | हकवाला वा हकदार प्रमाणीत | ५०० | |
| २१ | नक्सा पास सिफारिस | १००० | |
| २२ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० | |
| २३ | घरेलु तथा साना उद्योग दर्ता शुल्क | ३००० | |
| २४ | आर्थिक अवस्था कम्जोर सिफारिस | १०० | |
| २५ | आर्थिक अवस्था मजबुत सिफारिस | १००० | |
| २६ | योजनाम सम्झौता सिफारिस | | |
| | १ लाख सम्म | ५०० | |
| | १लाख देखी ५ लाख सम्म | १००० | |
| | ५ लाख देखी १० लाख सम्म | १५०० | |
| | १० लाख देखी १ करोड सम्म | २५०० | |
| | १ करोड भन्दा माथी | ५००० | |
| २७ | योजनाम पेश्की सिफारिस | | |
| | १ लाख सम्म | ५०० | |
| | १लाख देखी ५ लाख सम्म | १००० | |
| | ५ लाख देखी १० लाख सम्म | १५०० | |

| | | | |
|---|---|---|---|
| | १० लाख देखी १ करोड सम्म | २५०० | |
| | १ करोड भन्दा माथी | ५००० | |
| २८ | योजनाम भुक्तानी सिफारिस | | |
| | १ लाख सम्म | ५०० | |
| | १लाख देखी ५ लाख सम्म | १००० | |
| | ५ लाख देखी १० लाख सम्म | १५०० | |
| | १० लाख देखी १ करोड सम्म | २५०० | |
| | १ करोड भन्दा माथी | ५००० | |
| २९ | पसल होटेल र होमस्टे दर्ता शुल्क | ५००० | |
| ३० | पसल होटल र होमस्टे नविकरण शुल्क | ३००० | |
| ३१ | सिजनल होटल पसल सञ्चालन कर | ६००० | |
| ३२ | सिजनल होटल तथा पसल नविकरण | ३००० | |
| ३३ | प्रति खसी बाखा निकासी कर | १०० | |
| ३४ | प्रति भैसी राँगा निकासी कर | २०० | |
| ३५ | भेडा बाखा ब्यवसाय प्रति भेडा बाखा | | |
| | गाउँपालिका भित्र | ५ | |
| | जिल्ला भित्र | २५ | |
| | जिल्ला बाहिर | ५० | |
| ३६ | खसी बाखा भेडा भैसी राँगा निकासी सिफारिस शुल्क | ५०० | |
| ३७ | पसल तथा संघ संस्था दर्ता शुल्क | ५०० | |
| ३८ | घुम्ती ब्यापारी शुल्क | १००० | |
| ३९ | घर छाउने स्लेट प्रति घर | ५०० | |
| ४० | घर छाउने स्लेट बिक्री वितरण गरे वापत शुल्क | १००० | |
| ४१ | धारा तथा विद्युत जडान सिफारिस | १०० | |
| ४२ | मोही लगत कट्टाको सिफारिस | १०० | |
| ४३ | घर जग्गा लेखा जोखाको सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ४४ | कोष प्रमाणीत सिफारिस | २०० | |
| ४५ | घरेलु तथा साना उद्योग नामसारी सिफारिस | १५०० | |
| ४६ | आधारभुत विद्यालय खोल्ने सिफारिस | ५०० | |
| ४७ | आधारभुत विद्यालय खोल्ने दर्ता शुल्क | | |
| | सामुदायीक विद्यालय | १५०० | |
| | निजी विद्यालय | ३००० | |
| ४८ | विद्यालयको कक्षा थप सिफारिस | | |
| | सामुदायीक विद्यालय | ५०० | |
| | निजी विद्यालय | १००० | |
| ४९ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| ५० | संघ संस्था समुह तथा क्लब दर्ता शुल्क | ३००० | |
| ५१ | घ बर्गको इजाजतपत्र | १५००० | |
| ५२ | इजाजतपत्र नविकरण | ६००० | |
| ५३ | एफ एम दर्ता शुल्क | ६००० | |
| ५४ | एफ एम नविकरण | ३००० | |
| ५५ | कृषक समुह दर्ता शुल्क | २०० | |
| ५६ | कृषक समुह नविकरण शुल्क | १०० | |
| ५७ | सान काठ उद्योग सञ्चालन दर्ता शुल्क | ५०० | |
| ५८ | भिर मौरी मह संकलन अनुमति प्रति घार | ५० | |
| ५९ | भिर मौरी मह निकासी प्रति केजी | ५ | |
| ६० | घर बनाउन अनुमति सिफारिस | | |
| | छाना | ५०० | |
| | १ तले | १००० | |
| | २ तले | २००० | |
| | ३ तले | ३००० | |

| | | | |
|---|---|---|---|
| ६१ | घर कर | | |
| | छाना | ५० | |
| | १ तले | १०० | |
| | २ तले | २०० | |
| | ३ तले | ३०० | |
| ६२ | विद्युत उत्पादा अनुमति शुल्क | | |
| | १ देखी ५० मेगावाट सम्म | ५०००० | |
| | ५० देखी १०० मेगावाट सम्म | ७५००० | |
| | १०० देखी माथी | १००००० | |
| ६३ | हिमाल आरोहण प्रति ब्यक्ती | | |
| | देशभित्रका नागरिक | २५०० | |
| | बिदेशी नागरिक | ५००० | |
| ६४ | चिन जानका लागि सिफारिस दस्तुर | ५०० | |
| ६५ | चिन जानका लागि पासपोर्ट किताव शुल्क | १००० | |
| ६६ | खच्चर घोडा ब्यवसाय प्रति खच्चर घोडा | | |
| | गाउँपालिका भित्र | २०० | |
| | जिल्ला भित्र | ३०० | |
| | जिल्ला बाहिर | ५०० | |
| ६७ | यार्सा संकलन कर | | |
| | पालिका भित्र | ५०० | |
| | छिमेकी गाउँपालिका | १००० | |
| | जिल्ला भित्र | १५०० | |
| | प्रदेश भित्र | २५०० | |
| | प्रदेश बाहिर | ३००० | |
| ६८ | हाँडे बिस निकासी प्रति केजी | १००० | |

| | | | |
|---|---|---|---|
| ६९ | यार्सा निकासी कर प्रति केजी | | |
| | इजाजत नलिएका | २५००० | |
| | इजाजत लिएका | ७५०० | |
| ७० | साधारण र घुच्चे संकलन प्रति केजी | ५० | |
| ७१ | च्याउ निकासी प्रति केजी | ५०० | |
| ७२ | च्याउ साधारण र घुच्चे निकासी | जिल्ला दररेट अनुसार | |
| ७३ | अन्य जडीबुटी संकलन कर | | |
| | पालिका भित्र | २०० | |
| | छिमेकी गाउँपालिका | ५०० | |
| | जिल्ला भित्र | १००० | |
| | प्रदेश भित्र | १५०० | |
| | प्रदेश बाहिर | २००० | |
| ७४ | जडिबुटी निकासी कर | जिल्ला बनको दररेट अनुसार | |
| ७५ | सेतो चिनी संकलन अनुमति शुल्क प्रति ब्यक्ती | | |
| | पालिका भित्र | ३०० | |
| | छिमेकी गाउँपालिका | ४०० | |
| | जिल्ला भित्र | ६०० | |
| | प्रदेश भित्र | १२०० | |
| | प्रदेश बाहिर | २००० | |
| ७६ | कटुकी संकलन शुल्क प्रति ब्यक्ती | | |
| | पालिका भित्र | ३०० | |
| | छिमेकी गाउँपालिका | ५०० | |

| | | | |
|---|---|---|---|
| | जिल्ला भित्र | १००० | |
| | प्रदेश भित्र | १५०० | |
| | प्रदेश बाहिर | २००० | |
| ७७ | बनलसुन संकलन शुल्क प्रति ब्यक्ती | | |
| | पालिका भित्र | १०० | |
| | छिमेकी गाउँपालिका | २०० | |
| | जिल्ला भित्र | ३०० | |
| | प्रदेश भित्र | ४०० | |
| | प्रदेश बाहिर | ५०० | |
| ७८ | वनलसुन निकासी कर प्रति केजी | ५०० | |

आज्ञाले,

नामः राधाकृष्ण जोशी

प्रमुख प्रशासकीय अधिकृत